**AUSTRALIAN EMBASSY**
**KATHMANDU**

2 डिसेम्वर 2010

# प्रेस विज्ञप्ति

## अष्ट्रेलियालि राजदुतद्वारा महिलाहरुको क्यान्सर परिक्षण शिविर अवलोकन

अष्ट्रेलियालि राजदुत सुसन ग्रेसले विहिवार, 2 डिसेम्वर 2010 मा काठमाण्डौको वौद्धमा नेपाल नेटवर्क फर क्यान्सर ट्रिटमेण्ट एण्ड रिसर्चद्वारा सञ्चालित स्तन र पाठेघर क्यान्सर निदान शिविरको अवलोकन भ्रमण गर्नुभयो।

दुतावासले प्रत्यक्ष सहयोग कार्यक्रम 2010-011 अन्तर्गत सो संस्थालाई अष्ट्रेलियालि डलर 14,500 को अनुदान सहयोग प्रदान गरेको छ। यसैगरी अष्ट्रेलियन हिमालय फाउण्ड्सनले यसमा थप अष्ट्रेलियालि डलर 14,500 सहयोग गरि कुल अष्ट्रेलियालि डलर 29,000 रकम नेपालभर स्तन र पाठेघर क्यान्सर निदान कार्यशालाहरु सञ्चालन गर्न प्रदान गरेको छ। अष्ट्रेलियन हिमालय फाउण्ड्सनले नेपाल, भारत र भुटानका हिमालय क्षेत्रमा शिक्षा, स्वास्थ्य र वातावरण संग सम्बन्धित थुप्रै आयोजनाहरुमा कार्य गरीरेहको छ।

नेपालमा महिलामा निदान हुने कुल क्यान्सरको बिरामीहरुमा पाठोघरको क्यान्सरको बिरामीको संख्या एक तिहाई रहेको छ र प्रत्येक वर्ष थप नया 2000 बिरामीहरु पहिचान हुने गर्दछ। यसको व्यापकता दर 18 प्रति 100,000 महिला रहेको छ र यो ठुलो स्वास्थ्य समस्याका रुपमा रहेको छ। पाठेघर र स्तन क्यान्सरको चाँडै निदान र उपचार हुन जरुरी छ। नेपालमा थौरै प्रतिशत महिलाहरुमात्र निदानकार्यमा सहभागी हुन्छन्।

अस्ट्रेलियाली सरकारले आर्थिक वर्ष 2010-11 को लागि नेपालको लागि विकास सहयोग अन्तर्गत 1.25 अर्व रुपैयाको सहयोगको घोषणा गरेको छ । यस वर्ष प्रत्यक्ष सहयोग कार्यक्रम अन्तर्गत दुतावासले 8 परियोजनाहरु लाई करीब 1 करोड 14 लाख बराबरको आर्थिक सहयोग प्रदान गरेको छ।

- अन्त्य